INTELLECTUAL INCEPTION: A Multidisciplinary Research Journal of Bhojpur Campus
(Peer Reviewed)
ISSN: 2990-7934, Volume 3, Issue 1, June 2025, pp 42-55
Published by Research Management Cell (RMC), Bhojpur Multiple Campus, Bhojpur
E-mail: rmcbhojpur@gmail.com

नेपाली भाषाशिक्षणमा त्रुटिविश्लेषणको सैद्धान्तिक अवधारणा, प्रक्रिया र पद्धति

प्रकाश खत्री
उपप्राध्यापक, जुम्ला बहुमुखी क्याम्पस,जुम्ला ।

Article History: Submitted 3 April 2025; Reviewed 11 May 2025; Revised 16 June 2025
Corresponding Author: Prakash Khatri, Email: pkkhatri074@gmail.com
DOI: https://doi.org/10.3126/iimrjbc.v3i1.81400

लेखसार

यस लेखमा त्रुटिविश्लेषणको सैद्धान्तिक परिचय र प्रयोगबारे चर्चा गरिएको छ । वस्तुतः त्रुटिविश्लेषणको सैद्धान्तिक परिचय दिनु, भाषाशिक्षणमा त्रुटिविश्लेषणको आवश्यकता दर्साउनु र त्रुटिविश्लेषणका पद्धति र प्रक्रियाको व्याख्या गर्नु यस लेखका उद्देश्यहरू रहेका छन् । प्रस्तुत लेख तयारीका क्रममा गुणात्मक अध्ययन विधिको अवलम्बन गरिएको छ । यस क्रममा पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएकोछ । भाषाशिक्षणका सन्दर्भमा त्रुटिविश्लेषणलाई भाषासिकाइ प्रक्रियाको अध्ययन गर्ने प्रमुख प्रायोगिक सिद्धान्तका रूपमा लिइन्छ । त्रुटिविश्लेषण प्रायोगिक भाषाविज्ञानको आधुनिक सिद्धान्तका रूपमा विकसित अवधारणा हो । यस लेखका लागि आवश्यक तथ्यहरू नेपाली, हिन्दी तथा अङ्ग्रेजी सैद्धान्तिक सामग्रीहरूको अध्ययनबाट प्राप्त गरिएको छ । त्यसरी प्राप्त तथ्यको प्रस्तुतिका लागि व्याख्यात्मक एवम् विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । यस अध्ययनका आधारमा व्यतिरेकी विश्लेषण भाषा सिकाइका क्रममा देखापर्ने त्रुटिहरूको पहिचान, वर्णन तथा विश्लेषणसँग सम्बन्धित रहेको छ । भाषाशिक्षणमा त्रुटिको पहिचान गर्न, त्रुटिगत अनुमान परीक्षण गर्न, सिकारूलाई सिकाइप्रति प्रेरित गर्न, भाषाशिक्षणलाई प्रभावकारी बनाउन त्रुटिविश्लेषणको आवश्यकता पर्ने लगायतका निष्कर्ष निकालिएको छ । पहिलो वा दोस्रो भाषा सिक्ने क्रममा विद्यार्थीहरूले गरेका त्रुटि र तिनका क्षेत्रहरूको पहिचान गरी सुधारका लागि सैद्धान्तिक बाटो देखाउने काम पनि यसमा गरिएको छ । प्रस्तुत लेख त्रुटिविश्लेषणका बारेमा जानकारी लिन चाहने शिक्षक विद्यार्थी जिज्ञासु एवम् सम्बन्धित सबैका लागि उपयोगी हुने अपेक्षा गरिएको छ ।

मुख्य शब्दावली : कठिनाई, निराकरणात्मक, ब्यतिरेकी, त्रुटिविश्लेषण, त्रुटिविश्लेषणको सिद्धान्त, सादृश्य, लक्ष्यभाषा, ।

विषयपरिचय

नेपाल बहुजातीय एवम् बहुभाषिक मुलुक हो । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा १४२ भन्दा बढी जातजाति बसोवास गर्दछन् र १२४ प्रकारका भाषाहरू बोलिन्छन् । यीमध्ये नेपाली भाषा बहुसङ्ख्यकले बोल्ने, साझा सम्पर्कको तथा प्रशासनिक मान्यता प्राप्त राष्ट्रिय भाषाका रूपमा रहेको छ । भाषाले कथ्य रूपलाई जोड दिए तापनि एकरूपताका लागि लेख्य भाषाको प्रयोग गरिन्छ । नेपाली भाषाको लेखनमा मातृभाषी विद्यार्थीहरूलाई केही सहज भए पनि विमातृभाषी विद्यार्थीका लागि कठिन

हुने गरेको छ (अधिकारी, २०५७ पृ. ५८) । दोस्रो भाषाका रूपमा नेपाली सिक्ने विद्यार्थीहरूले त नेपाली बोल्ने र लेख्ने क्रममा नै विभिन्न त्रुटिहरू गर्ने गरेका छन् । त्रुटिकै कारण सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिप विकासमा समस्या आउने गरेको छ । त्यसैले त्रुटिहरूको खोजी गरी भाषामा आउने त्यस्ता त्रुटिको विश्लेषण गर्नु नै त्रुटिविश्लेषण हो । त्रुटिविश्लेषण प्रायोगिक भाषा विज्ञानको आधुनिक सिद्धान्तका रूपमा विकसित अवधारणा हो । सामान्य स्वीकृत नियमबाट विचलन हुनुलाई त्रुटिका रूपमा लिइन्छ । अर्थात् मातृभाषाभाषीहरूको अस्वीकृत रूप नै त्रुटि हो । त्रुटिविश्लेषणमा नियमित त्रुटिको अध्ययन गरिन्छ (बन्धु, २०७७, पृ. ३१०) । शिक्षार्थीले खासगरी प्रयत्न र भुल, अनुकरण तथा सादृश्यको नियम अनुसरण गरी भरसक त्रुटिरहित हुने किसिमबाट भाषा सिकिरहेका हुन्छन् ।

नेपाली भाषाको लेखनमा मातृभाषी विद्यार्थीहरूलाई केही सहज भए पनि विमातृभाषी विद्यार्थीका लागि कठिन हुने गरेको छ । दोस्रो भाषाका रूपमा नेपाली सिक्ने विद्यार्थीहरूले त नेपाली बोल्ने र लेख्ने क्रममा विभिन्न त्रुटिहरू गर्ने गरेकाछन् । त्रुटिकै कारण सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता भाषिक सिप विकासमा समस्या आउने गरेको छ । यसैले त्रुटिहरूको खोजी गरी भात्षामा आउने त्यस्ता त्रुटिको विश्लेषण गर्नु नै त्रुटिविश्लेषण हो ।

भाषाशिक्षणमा त्रुटिविश्लेषणको प्रारम्भ सन् १९७० को दशकपछि भएको हो । भाषाशिक्षण तथा सिकाइका क्रममा त्रुटिविश्लेषणबाट पहिलो भाषा वा दोस्रो भाषा सिकिरहेका शिक्षार्थीहरूले गर्ने त्रुटिहरूको पहिचान, वर्गीकरण र व्याख्या गरिन्छ । यसवाट शिक्षार्थीहरूको भाषिक सामर्थ्यको स्तर पत्ता लगाएर सुधार्न सकिन्छ । त्रुटिविश्लेषण विशेष गरी दोस्रो वा विदेशी भाषा सिक्ने विद्यार्थीहरूले गर्ने त्रुटिहरूसँग सम्बन्धित रहन्छ । दोस्रो वा विदेशी भाषा सिकिरहेका विद्यार्थीहरूले केकस्ता र कसरी त्रुटि गरिरहेका छन् त्यसको पहिचान, वर्गीकरण र विश्लेषण गरी सुधारको बाटो देखाउने काम त्रुटिविश्लेषणले गर्दछ । यसबाट भाषासिकाइका कठिनाइका तहहरूको पहिचान गर्न, भाषा विषयक खास खास रोगहरू पत्ता लगाउन, शिक्षणविधि, शिक्षण कार्यकलाप र शिक्षण सामग्रीको उपयोग गरेर शिक्षण सिकाइलाई प्रभावकारी बनाउन सहयोग पुग्दछ (भण्डारी, २०५४, पृ. २) । भाषासिकाइमा त्रुटि हुनु सामान्य र स्वाभाविक प्रक्रिया हो । स्वाभाविक वातावरणमा भाषिक सिकाइ सहज र कम त्रुटिपूर्ण भएतापनि त्रुटिरहित हुनसक्दैन । भाषा सिक्दा सिकारूले जति त्रुटि गर्दै जान्छ उति नै सिकाइ प्रभावकारी हुन्छ । त्यसैले यसलाई स्वाभाविक प्रक्रियाका रूपमा लिइन्छ । भाषासिकाइमा त्रुटि हुनुलाई भाषिक अपराध र सजायको भागिदारका रूपमा नहेरी यसलाई सफलताको प्रर्याय एवम् सिकाइ प्रक्रियाको माध्यमका रूपमा लिइन्छ (क्रिष्टल, १९९६, पृ.१६९) ।

भाषामा स्तरीयता, औपचारिकता र मानक कायम गर्न भाषिक त्रुटिहरूको निराकरण अपरिहार्य हुन्छ । त्रुटिलाई भाषिक परिवार, भाषिक संरचना, उमेर, शिक्षा, भूगोल आदिले प्रत्यक्ष प्रभावित पारेको हुन्छ । यसकारण मातृभाषा नेपाली भएका विद्यार्थीहरू र मातृभाषी इतर विद्यार्थीहरूले गर्ने त्रुटिहरूको अध्ययन नै त्रुटिविश्लेषणमा गरिन्छ । त्रुटिविश्लेषण र भाषशिक्षणलाई एकअर्काका परिपूरक मानिन्छ । भाषा के, कति र कसरी सिकिन्छ भन्ने कुराको मापन त्रुटिविश्लेषणबाट गर्न सकिने हुँदा भाषाशिक्षण र त्रुटिविश्लेषण एकअर्काका पूरक मानिन्छन् । त्रुटिविश्लेषणबाट भाषा शिक्षकलाई विद्यार्थीले गर्ने त्रुटिहरूको प्रवृत्ति थाहा भएमा उनीहरूलाई कुन कुरा सिक्न कठिन हुँदो रहेछ भन्ने कुराको जानकारी प्राप्त हन्छ । यिनै जानकारीका आधारमा विद्यार्थीका भाषिक समस्या समाधान गर्न सकिन्छ । पहिलो भाषा सिक्दा होस् वा दोस्रो भाषा सिक्दा, भाषिक सिकाइ प्रक्रिया त्रुटिसँगै अगाडि बढ्छ । भाषिक सिकाइ प्रक्रिया कसरी

भइरहेको छ भन्ने कुरा जान्न शिक्षार्थीले सिकिरहेको भाषामा पाइने त्रुटिहरूको अध्ययन विश्लेषण गरी उनीहरूको यथार्थ स्थिति पहिचान गरी समस्या समाधान गर्न सकिन्छ । अतः प्रस्तुत लेखमा त्रुटि, त्रुटिविश्लेषण, त्रुटिविश्लेषण पद्धति र प्रक्रिया, भाषा शिक्षणमा यसको आवश्यकत अभ्यासबारे परिचर्चा गरिएकोछ ।

अध्ययन विधि र प्रक्रिया

प्रस्तुत लेख गुणात्मक अनुसन्धानमा आधारित रहेको छ । यसका लागि आवश्यक सामग्रीहरूको सङ्कलन पुस्तकालयीय विधिका माध्यमबाट गरिएको छ । यस क्रममा त्रुटिविश्लेषणका बारेमा चर्चा गरिएका नेपाली, हिन्दी तथा अङ्ग्रेजी सैद्धान्तिक सामग्रीहरूको अध्ययन गरिएको छ र आवश्यक कुराहरू ग्रहण गरिएको छ । प्रस्तुत लेखमा मूलतः द्वितीयक स्रोतका सामग्रीहरूको उपयोग गरिएको छ । साथै विज्ञहरूका राय एवम् सुझावहरूलाई प्राथमिक स्रोतका रुपमा उपयोग गरिएको छ । यसमा प्राप्त तथ्यहरूलाई व्याख्यात्मक तथा विश्लेषणात्मक रुपमा प्रस्तुत गरिएको छ ।

सैद्धान्तिक अवधारणा र अध्ययनको ढाँचा

भषासिकाइमा हुने त्रुटिहरूको सैद्धान्तिक पक्षको अध्ययन गर्ने सन्दर्भमा तथ्यको विश्लेषणका साथै यसको सैद्धान्तिक आधार निर्माण गर्ने क्रममा ब्लुमफिल्ड (सन् १९३०), ल्याडो (सन् १९५७), बंसल (सन् १९८३), शर्मा र शर्मा (सन् १९६६), शर्मा (सन् २०००), श्रीवास्तव (सन् १९९७), तिवारी (सन् २००६), रावत (सन् २००५) लाई सन्दर्भका रूपमा लिइएको छ । भाषिक सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइमा हुने त्रुटिहरूमा प्रशस्त प्रायोगिक कार्यहरू भएका छन् । भाषिक त्रुटिहरूको खोजी गरी सैद्धान्तिक विश्लेषण गर्ने काम भएकोछ । नेपाली भाषाबाट सन्दर्भ लिने क्रममा भण्डारी (२०५४), अधिकारी (२०६२), ढकाल (२०७४) ले त्रुटिविश्लेषणको सैद्धान्तिक अवधारण, प्रक्रिया र प्रकारका बारेमा चर्चा गरेकाछन् । विश्वविद्यालयको औपचारिक तह पूरा गर्ने प्रयोजनका लागि तयार पारिएका शोधपत्रहरूमा त्रुटिविश्लेषणको अध्ययन सैद्धान्तिक रूपमा गरिएकोछ । नेपालमा बोलिने मगर, राई, लिम्बू, तामाङ, चारू, अवधी, भोजपुरी आदि विभिन्न मातृभाषा भएका विद्यार्थीहरूले नेपाली सिक्ने क्रममा गर्ने त्रुटिको अध्ययन प्रयोगात्मक रूपमा भएका छन् । ती प्रयोगात्मक रूपमा भएका अध्ययनको निष्कर्षलाई आधार मानेर त्रुटिविश्लेषणसँग सम्बन्धित सैद्धान्तिक पक्षको अध्ययन गर्न निम्नानुसारको सैद्धान्तिक ढाँचाको उपयोग गरिएको छः

सैद्धान्तिक ढाँचा



भाषा सिकाइमा हुने त्रुटिहरूको अध्ययन र विश्लेषणमा केन्द्रित 'त्रुटिविश्लेषण' प्रक्रियाको बारेमा विस्तृत जानकारी दिइएको छ । यसमा त्रुटिहरूलाई पहिचान गर्ने, वर्गीकरण गर्ने र व्याख्या गर्ने सुव्यवस्थित तरिका अपनाइन्छ । पौड्याल (२०५८) अनुसार भाषाविद् एस. पिट कर्डरले त्रुटिविश्लेषण प्रक्रियालाई पहिचान, वर्णन र व्याख्या गरी तीन मुख्य भागमा विभाजन गरेका छन् ।

(क) सामग्री सङ्कलन

यो त्रुटिविश्लेषण प्रक्रियाको पहिलो चरण हो । यस चरणमा विद्यार्थीको मौखिक र लिखित अभिव्यक्ति (स्रोत) बाट त्रुटिविश्लेषणका लागि आवश्यक सामग्रीहरू सड्कलन गरिन्छ । मौखिक स्रोतका सामग्री सङ्कलनका लागि अवलोकन फारम, टेप रेकर्डर आदि प्रयोग गर्न सकिन्छ भने लिखित स्रोतका सामग्री विद्यार्थीलाई विभिन्न विषयमा लेख्न लगाई सङ्कलन गर्न सकिन्छ ।

(ख) त्रुटिको पहिचान

यो त्रुटिविश्लेषण प्रक्रियाको दोस्रो चरण हो । यस चरणमा सङ्कलन गरिएका सामग्रीहरूको सूक्ष्म अध्ययन गरी त्रुटिको पहिचान गर्ने काम हुन्छ । यस क्रममा मौखिक वा लिखित स्रोतबाट प्राप्त सामग्रीलाई सुन्ने, पढ्ने, टिपोट गर्ने, त्रुटि छुट्ट्याउने तथा तिनको प्रकृति पहिल्याउने काम गरिन्छ ।

(ग) त्रुटिको वर्गीकरण

यो त्रुटिविश्लेषण प्रक्रियाको तेस्रो चरण हो । यस चरणमा पहिचान गरिएका त्रुटिहरूलाई तिनको स्वरूप वा प्रकृति अनुसार विभिन्न समूहमा वर्गीकरण गरिन्छ । यसमा निश्चित गरिएका त्रुटिहरू भाषिक वा व्याकरणिक के कस्ता हुन्, सोको स्पष्ट निक्यौल र वर्गीकरण गरिन्छ । यो वर्गीकरण विकासशील, स्रोत, गम्भीरता, मात्रा, भाषाकोटि र औचित्य-अनौचित्यका दृष्टिले गरिन्छ ।

(घ) त्रुटिको वर्णन र विश्लेषण

यो त्रुटिविश्लेषण प्रक्रियाको चौथो (र एक हिसाबले अन्तिम) चरण हो । यस चरणमा वर्गीकरण गरिएका त्रुटिलाई विभिन्न किसिमले वर्णन र विश्लेषण गरिन्छ । विद्यार्थीले गर्ने त्रुटिका कारण के हुन सक्छन् ? यस्तात्रुटिहरू नियमित हुन्छन् कि हुँदैनन् ? कुन खालका त्रुटिको सड्ख्या धेरै छ, कुन खालका त्रुटिको सड्ख्या कम छ? त्रुटि मातृभाषाबाट मात्र प्रभावित भएर देखापरेका हुन् कि अन्य कारणबाट पनि प्रभावित भएर देखापरेका छन् ? लगायतका बहुपक्षको सूक्ष्म समीक्षा यसअन्तर्गत हुन्छ ।

(ङ) त्रुटिको निराकरण

यो त्रुटिविश्लेषणको महत्वपूर्ण चरण वा प्रक्रिया भने होइन । त्रुटिविश्लेषणको मुख्य कार्य चौथो चरणमा नै सकिएको हुन्छ अपितु त्रुटिविश्लेषणको मूल उद्देश्य शिक्षार्थीले गर्ने त्रुटिको निराकरण गर्नु हो । त्यसैले सामग्रीको सड्कलन, त्रुटिको पहिचान, वर्गीकरण, वर्णन र व्याख्याबाट प्राप्त तथ्यहरूका आधारमा तिनको निराकरण गर्ने उपाय त्रुटिविश्लेषण प्रक्रियाको अन्तमा सुझावस्वरूप प्रस्तुत गर्नु उपयुक्त हुन्छ ।

यस लेखमा भाषासिकाइमा त्रुटिविश्लेषणको सैद्धान्तिक अवधारणका बारेमा अध्ययन गर्ने क्रममा त्रुटिको पहिचान गर्ने, वर्गीकरण गर्ने र प्राप्त तथ्यका आधारमा व्याख्या विश्लेषण गरी शिक्षार्थीले गर्ने त्रुटिहरूको सैद्धान्तिक निष्कर्ष निकालिएको छ ।

परिणाम तथा छलफल

प्रस्तुत आलेख विशेष गरी भषासिकाइमा त्रुटिविश्लेषणको सैद्धान्तिक अवधारणामा आधारित भएकाले यहाँ क्रमशः भाषाशिक्षणमा त्रुटिविश्लेषणको उपयोगिता, त्रुटिका मुख्य कारण, त्रुटिविश्लेषण प्रक्रिया र पद्धति तथा शिक्षार्थीले गर्ने त्रुटि आदिको परिचर्चासहित निष्कर्षमा पुगेर तयार पारिएको छ ।

त्रुटि र यसका प्रकार

शिक्षार्थीले मातृभाषा वा दोस्रो भाषा सिकाइका क्रममा गर्ने त्रुटिहरूलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । अधिकारी (२०६५) का अनुसार त्रुटिको प्रकृतिलाई केही मुख्य आधार विकासशीलता, भाषाकोटि, स्रोत, गम्भीरता, व्यापकता, स्वरुप र अनौचित्यका आधारमा छुट्याउन सकिन्छ ।

त्रुटि वर्गीकरणका आधार र प्रकारहरू

(क) **विकासशीलताका आधारमा त्रुटि**

सिक्ने व्यक्तिको लक्ष्य भाषा सिक्ने अवस्थालाई विकासशील अवस्था भनिन्छ । एस. पिट कार्डरका अनुसार, यो आधारमा त्रुटिलाई निम्न तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

अव्यवस्थित त्रुटि

भाषा सिकाइको प्रारम्भिक चरणमा देखिने त्रुटिलाई अव्यवस्थित त्रुटि भनिन्छ। यस अवस्थामा सिक्ने व्यक्तिले भाषा प्रयोग गर्दा कहिले शुद्ध र कहिले अशुद्ध रूपको प्रयोग गर्छ । उदाहरणका लागि, एकै व्यक्तिले एक पटक 'शरीर' र अर्को पटक 'सरीर' शब्दको प्रयोग गर्नु यसको उदाहरण हो । यसलाई अनियमित त्रुटि पनि भनिन्छ ।

व्यवस्थित त्रुटि

भाषा प्रयोगमा विद्यार्थी सचेत हुँदाहुँदै पनि सुधार्न नसक्ने त्रुटिलाई व्यवस्थित त्रुटि भनिन्छ । एउटै व्यक्तिले धेरै ठाउँमा एकै प्रकारको त्रुटि (जस्तै 'पानिपानिपानि' दोहोर्याउनु) यस अन्तर्गत पर्छ । गलत सामान्यीकरण वा भाषिक ज्ञानको अभावका कारण यस्तो त्रुटि देखिन्छ । यसलाई नियमित त्रुटि पनि भनिन्छ ।

उत्तरव्यवस्थित त्रुटि

भाषिक नियमहरूको जानकारी हुँदाहुँदै पनि भाषा प्रयोगकर्ताको असावधानीका कारण हुने त्रुटिलाई उत्तरव्यवस्थित त्रुटि भनिन्छ । यस्ता त्रुटिहरू प्रायः आफैं सच्याउन सकिन्छन् । 'वाल्मीकि' लेख्नुपर्नेमा कहिलेकाहीँ 'बाल्मिकी' लेख्नु वा 'जीबन्त' लेख्नुपर्नेमा 'जिबन्त' लेख्नु यसको उदाहरण मान्न सकिन्छ ।

(ख) **स्रोतका आधारमा त्रुटि**

विद्यार्थीले गर्ने भाषिक त्रुटिको स्रोतका आधारमा त्रुटिलाई निम्न दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

अन्तर्भाषिक त्रुटि

सिकिरहेको भाषाको आन्तरिक व्यवस्थासम्बन्धी त्रुटिलाई अन्तर्भाषिक त्रुटि भनिन्छ । यस्तो त्रुटि लक्ष्य भाषा सिक्ने क्रममा हुन्छ । नेपाली भाषालाई लक्ष्य भाषाका रूपमा सिकिरहेको विद्यार्थीले गर्ने 'म सफल हुएँ' वा 'भाह गयो' जस्ता त्रुटिहरू यस वर्गमा पर्छन् ।

अन्तरभाषिक त्रुटि

मातृभाषा वा स्रोत भाषाको प्रभावबाट लक्ष्य भाषाको सिकाइ वा प्रयोगमा देखिने त्रुटिलाई अन्तरभाषिक त्रुटि भनिन्छ । यस्तो त्रुटि लक्ष्य भाषाको भाषिक संरचनाभन्दा फरक हुन्छ । नेपाली मातृभाषीले अंग्रेजी भाषाको प्रयोग गर्दा 'गाडी इज कमिंग' भन्नु वा नेवार मातृभाषीले नेपाली भाषाको प्रयोग गर्दा 'तिमी कहिले आयो' भन्नु यसका उदाहरण हुन ।

ग) गम्भीरताका आधारमा त्रुटि

भाषिक सम्प्रेषणमा गम्भीर वा कम गम्भीर बाधा उत्पन्न गर्ने आधारमा त्रुटिलाई निम्न दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।

अर्थबाधक त्रुटि

सम्प्रेषण वा आशयमा बाधा पर्ने अर्थात् भन्न खोजिएको कुरा भन्दा भिन्न अर्थ सम्प्रेषण अर्थको अनर्थ हुने प्रकृतिका त्रुटिलाई अर्थबाधक त्रुटि भनिन्छ । नेवारभाषी वक्ताले हिन्दी भाषा सिकाएकामा "में आता हूँ से दु रोटी है, दु रोटी है ये में आय हूँ (में आता हूँ तो तु रोती है. तु रोती है तो थे आता हूँ) को प्रयोग गर्नुलाई अर्थबाधक त्रुटिको उदाहरण मान्न सकिन्छ ।

अर्थबाधक त्रुटि

त्रुटि भए पनि सम्प्रेषण, आशय वा अर्थबोधमा खासै बाधा नपर्ने प्रकृतिका अर्थलबाधक त्रुटि भनिन्छ । यस्ता त्रुटि भाषाको मानक रुपबाट विचलित हुन्छन् । उच्चारणगत तथा वर्णविन्यासंगत त्रुटिल्लाई यसअन्तर्गत लिन सकिन्छ । जस्तै पनि पनी), सहीद (सहिद) कठा जाने ? (तिमी कता जाने के गर्यो हो) के गर्ने हो ? आदि

ग) स्वरूपका आधारमा त्रुटि

भाषाको बाह्य स्वरूप, आकृति वा बनावटका आधारमा त्रुटिलाई निम्न तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

लोपगत त्रुटि

भाषिक प्रयोगकर्ताको मौखिक वा लिखित अभिव्यक्तिमा आवश्यक कुनै अंश छुटेमा यसलाई लोपगत त्रुटि भनिन्छ । यस्ता त्रुटिहरूले प्रायः अर्थमा बाधा पुऱ्याउँदैनन् । जस्तैः 'सायता' (सहायता), 'मा मन्त्री' (महामन्त्री), 'बालवाला' (बहालवाला), 'बुटोल' (बुटवल), 'केटाटी' (केटाकेटी) आदि ।

थपोटगत त्रुटि

भाषिक प्रयोगकर्ताको मौखिक वा लिखित अभिव्यक्तिमा अनावश्यक कुनै अंश थपिएर आएमा यसलाई थपोटगत त्रुटि भनिन्छ । यस्ता त्रुटिहरू अर्थको दृष्टिले अर्थबाधक प्रकृतिका हुँदैनन् । जस्तैः 'इस्कुल' (स्कूल), 'समुन्द्र' (समुद्र), 'आएर ल्यायो' (आयो) आदि ।

आदेशगत त्रुटि

भाषिक प्रयोगकर्ताको मौखिक वा लिखित अभिव्यक्तिमा आउनुपर्ने कुनै एकाइको स्थानमा अर्को एकाइको प्रयोग भएमा यसलाई आदेशगत त्रुटि भनिन्छ । यस्ता त्रुटिहरू पनि अर्थको दृष्टिले अर्थबाधक प्रकृतिका हुँदैनन् जस्तैः 'सूर्जे' (सूर्य), 'बुढो' (बूढो), 'दाँरो' (डाँडो), 'किताप' (किताब) आदि ।

(घ) मात्राका आधारमा त्रुटि

सिक्ने व्यक्तिले भाषिक प्रयोगमा गर्ने त्रुटिको मात्रा वा परिमाणका आधारमा त्रुटिलाई निम्न दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।

आंशिक त्रुटि

वाक्यको कुनै खास अंशमा देखिने त्रुटिलाई आंशिक त्रुटि भनिन्छ । यस्तो त्रुटि वाक्यको कुनै एक शब्द वा पदमा मात्र देखापर्ने भएकाले यसलाई शब्दगत त्रुटि पनि भनिन्छ । यो खास अंशसँग मात्र सम्बन्धित हुने हुँदा अर्थमा बाधा पुऱ्याउँदैन । जस्तैः 'हामी घर गयो', 'केटाहरू आयो', 'तिमी जान्छ' आदि ।

समग्रात्मक त्रुटि

वाक्यको अधिकांश वा समग्र अंश तथा एकभन्दा बढी वाक्यसँग सम्बन्धित भएर आउने त्रुटिलाई समग्रात्मक त्रुटि भनिन्छ । यस्तो त्रुटि एकभन्दा बढी पद, पदावली, उपवाक्य, वाक्य आदिमा देखिन सक्छ । जस्तैः 'त्यो केटाहरू आयो', 'मेरो किताबहरू हरायो, तिम्रो छोराहरू घरमा हुनुहुन्छ आदि ।

(ङ) भाषाकोटिका आधारमा त्रुटि

भाषा सिकाइका क्रममा देखापर्ने त्रुटिहरूलाई भाषाको विभिन्न कोटीका आधारमा वर्गीकरण गर्न सकिन्छ । यी कोटीहरूमा उच्चारणगत, वर्णविन्यासगत, रूपगत, शब्दभण्डारगत, पदावलीगत, वाक्यगत, अर्थगत र सङ्कथनात्मक प्रकारका त्रुटिहरू समावेश हुन्छन् । उदाहरणका लागि, अल्पप्राण वर्णलाई महाप्राण वा घोष वर्णलाई अघोषका रूपमा उच्चारण गर्ने त्रुटिलाई उच्चारणगत त्रुटि भनिन्छ ।

य/ए, श/ष र स, चन्द्रविन्दु र शिरविन्दु, इस्व र दीर्घ आदिको प्रयोगमा देखापर्ने त्रुटिलाई वर्णविन्यासगत, शब्दको उपयुक्त रूपायन र व्युत्पादन गर्न नजान्दा हुने त्रुटिलाई रूपगत, शब्दको उपयुक्त प्रयोग नजान्दा हुने त्रुटिलाई शब्दभण्डारगत, शीर्ष र विशेषक अंशका बीचको उपयुक्त सङ्गति मिलाउन नसक्दा हुने त्रुटिलाई पदावलीगत, पदक्रम तथा उद्देश्य-विधेय, विशेषण-विशेष्य आदिको सङ्गति नमिलाई प्रयोग गर्दा हुने त्रुटिलाई वाक्यगत, शब्द र अर्थ वा अभिव्यक्ति र आशयका बिच तालमेल नमिल्दा देखापर्ने त्रुटिलाई अर्थगत, सम्बद्धक र सम्बद्धनको सही अन्वय नहुँदा देखिने त्रुटिलाई सङ्कथनात्मक त्रुटि भनिन्छ ।

(घ) औचित्य अनौचित्यका आधारमा त्रुटि

व्याकरणिक दृष्टिले सही वा ठीक भए पनि सन्दर्भ र प्रयोग अनुरूपताका दृष्टिले अस्वीकृत, अनपेक्षित वा अनुपयुक्त प्रकृतिका त्रुटिहरूलाई यस अन्तर्गत लिइन्छ । यस्ता त्रुटिलाई वस्तुतः अनौचित्यपूर्ण त्रुटिका रूपमा व्याख्या गर्न सकिन्छ । मूलतः शैलीविशेषसँग सम्बद्ध त्रुटिहरू यस अन्तर्गत पर्दछन् । कसैको मृत्युमा शोकाकुल परिवार वा आफन्तजनद्वारा आयोजना गरिएको श्रद्धाञ्जली सभामा 'यस्ता श्रद्धाञ्जली सभाहरू गरिरहनुपर्दछ' भन्नुलाई अनौचित्यपूर्ण त्रुटिको उदाहरण मान्न सकिन्छ ।

त्रुटिविश्लेषणको पद्धति र प्रक्रिया

त्रुटिविश्लेषणको कार्य उपर्युक्त प्रक्रियाद्वारा सम्पन्न हुने भए पनि यो मूलतः निम्न दुई प्रकारका पद्धतिमा आधारित रहेको हुन्छ ।

(क) पूर्वनिर्धारित कोटि पद्धति

त्रुटिविश्लेषणको यस पद्धतिमा विद्यार्थीहरूले गर्न सक्ने सम्भाव्य भाषागत एवम् व्याकरणगत त्रुटिहरूको पूर्वानुमान गरी यिनको सम्भावित प्रकृतिलाई देखाउन प्रारम्भमै आवश्यक स्तम्भ, तालिका वा खाका तयार पारिन्छ । तयार पारिएका स्तम्भ, तालिका वा खाका भाषाको उच्चारण, वर्णविन्यास, रूप पद पदावली, वाक्य, अर्थ, सङ्कथन, शैली, लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष भाव, वाच्य, कारक, सहमति, उक्ति, अर्थ आदि पक्षसँग सम्बन्धित हुन्छन् (ढङ्गेल र दाहाल,२०६८ पृ.१४२) । तत्पश्चात विद्यार्थीका मौखिक र लिखित अभिव्यक्तिबाट सामग्री सङ्कलन गर्ने, त्रुटिको पहिचान गर्ने, तिनलाई पूर्वनिर्धारित खाकामा वर्गीकरण गर्ने अनि व्याख्या-वर्णन गरी आवश्यकता अनुसार त्रुटि निराकरणका लागि उपायहरू सुझाउने काम गरिन्छ । लामिछाने (२०६६) का अनुसार यस पद्धतिमा विद्यार्थीमा पाइने त्रुटिका आधारमा शिक्षण सिकाइ प्रक्रियाको मूल्याङ्कन गरिन्छ । पूर्वनिश्चित त्रुटि प्रकृतिका आधारमा सिकारूले गर्ने त्रुटिको अध्ययन गरिने भएकाले यस पद्धतिलाई निगमनात्मक पद्धति पनि भनिन्छ (पृ.२७) ।

(ख) पश्चनिर्धारित कोटि पद्धति

त्रुटिविश्लेषणको यस पद्धतिमा पूर्वनिर्धारित कोटि पद्धतिको ठीक विपरीत प्रक्रिया अवलम्बन गरिन्छ । यसमा सर्वप्रथम विद्यार्थीहरूको मौखिक वा लिखित स्रोतबाट सामग्री सङ्कलन गरिन्छ । तत्पश्चात सङ्कलित सामग्रीको सूक्ष्म अध्ययन गरी त्रुटिको पहिचान गरिन्छ । पहिचान गरिएका त्रुटिहरूलाई तिनको स्वरूप वा प्रकृतिअनुसार विभिन्न कोटि, उपकोटिमा वर्गीकरण गरी व्याख्या गरिन्छ र आवश्यकतानुसार त्रुटि निराकरणका लागि उपयुक्त सुझाव प्रस्तुत गरिन्छ । सिकारूले भाषा सिकाइका क्रममा गर्ने त्रुटिहरूको सङ्कलन र अध्ययनपछि तिनलाई आवश्यकता बमोजिम पश्चनिर्धारित कोटि स्तम्भ, तालिका वा खाकामा प्रस्तुत गरी देखाइने भएकाले यस पद्धतिलाई आगमनात्मक पद्धति पनि भनिन्छ (अधिकारी, २०६५ पृ.५२) ।

पूर्वनिर्धारित पद्धतिमा अनुमान गरिएका सबै त्रुटिहरू सिकारुमा नदेखिन सक्ने, अनुमान गरेभन्दा भिन्न त्रुटिहरू पनि देखिन सक्ने तर त्यसको अध्ययन त्यस (पूर्व निर्धारित कोटि पद्धतिबाट) सम्भव नहुने भएकाले सिकाइका क्रममा देखिने बस्तुगत एवम् व्यावहारिक विश्लेषणक पश्चनिर्धारित कोटि पद्धतिलाई निकै महत्त्वका साथ हेरिन्छ ।

त्रुटिविश्लेषण भाषा सिकाइका क्रममा त्रुटिहरूको अध्ययन विश्लेषणसँग सम्वन्धित विषय हो । यसमा निश्चित प्रक्रियाहरूको अवलम्वन गरिन्छ । त्रुटिविश्लेषणका प्रक्रियालाई त्रुटिविश्लेषणका चरण पनि भनिएको पाइन्छ । पौड्याल (२०५८) का अनुसार भषावैज्ञानिक एस.पिट कर्डरले त्रुटिविश्लेषणको प्रक्रियालाई पहिचान, वर्णन र व्याख्या गरी तीन भागमा विभाजन गरेकाछन् (पृ.३६) । यहाँ तीसहितका प्रक्रियाहरूको चर्चा गरिएको छ ।

(क) सामग्री सङ्कल

यो त्रुटिविश्लेषण प्रक्रियाको पहिलो चरण हो । यस चरणमा विद्यार्थीको मौखिक र लिखित अभिव्यक्ति (स्रोत) बाट त्रुटिविश्लेषणका लागि आवश्यक सामग्रीहरूको सङ्कलन गरिन्छ । मौखिक सोतका सामग्री सङ्कलनका लागि अवलोकन फारम, टेप रेकर्डर आदिको प्रयोग गरिन्छ भने लिखित स्रोतका सामग्री विद्यार्थीलाई विभिन्न विषयमा भन्न लगाई सङ्कलन गरिन्छ ।

(ख) त्रुटिको पहिचान

यो त्रुटिविश्लेषण प्रक्रियाको दोस्रो चरण हो । यस चरणमा सङ्कलन गरिएका सामग्रीहरूको सुक्ष्म अध्ययन गरी त्रुटिको पहिचान गर्ने काम हुन्छ । यस क्रममा मौखिक वा लिखित स्रोतबाट प्राप्त सामग्रीलाई सुन्ने, पढ्ने, टिपोट गर्ने, त्रुटि छुट्याउने तथा तिनको प्रकृति पहिल्याउने काम गरिन्छ ।

(ग) त्रुटिको वर्गीकरण

यो त्रुटिविश्लेषण प्रक्रियाको तेस्रो चरण हो । यस चरणमा पहिचान गरिएका त्रुटिहरूलाई तिनको स्वरूप वा प्रकृति अनुसार विभिन्न समूहमा वर्गीकरण गरिन्छ । यसमा निश्चित गरिएका त्रुटिहरू भाषिक वा व्याकरणिक के कस्ता हुन् । ती विकासशील, स्रोत, गम्भीरता, मात्रा, भाषाकोटिर अचौत्यका दृष्टिले कुनसँग सम्बन्धित हन्छन् तिनलाई एउटै ठाँउमा राखिन्छ ।

(घ) त्रुटिको वर्णन र विश्लेषण

यो त्रुटिविश्लेषण प्रक्रियाको चौथो वा अत्तिमः चरण हो । यस चरणमा वर्गीकरण गरिएका अधिशासलाई विभिन्न किसिमले वर्णन र विश्लेषण महिना । विद्यार्थीले गर्ने त्रुटिका कारण के हुन सक्छन् । त्रुटि किन नियमित हुन्छन ? कुन खालका त्रुटिको संख्या धेरै र कुन खालका त्रुटिको संख्या काम त्रुटि मातृभाषाबाट मात्र प्रमाणित भएर देखापरेका छन् कि अन्यबाट पनि प्रभावित भएर देखापरेका छन् । यी लगायतका बिभित पक्षको सूक्ष्म समीक्षा यस अन्तर्गत हुन्छ ।

(ङ) त्रुटिको निराकरण

यो त्रुटिविश्लेषणको महत्त्वपूर्ण चरण या प्रक्रिया भने होइन । त्रुटिविश्लेषणको मुख्य कार्य चौथो चरणमा नै सकिएको हुन्छ अपितु त्रुटिविश्लेषणको मूल उद्देश्य शिक्षार्थीले गर्ने बुटिको निराकरण गर्नु हो । त्यसैले सामग्रीको सङ्कलन, त्रुटिको पहिचान, बर्गीकरण, वर्णन र व्याख्याबाट प्राप्त तथ्यहरुका आधारमा तिनको निराकरण गर्ने उपाय त्रुटिविश्लेषण प्रक्रियाको अन्तमा सुझावस्वरूप प्रस्तुत गर्नु उपयुक्त हुन्छ ।

भाषासिकाइमा त्रुटिविश्लेषणको उपयोगिता

त्रुटिविश्लेषण भाषाशिक्षणका क्षेत्रमा एक महत्त्वपूर्ण पद्धति र प्रक्रिया हो । यसले भाषासिकाइका कठिनाइका तहहरूको पहिचान गर्ने, भाषा विषयक खासखास समस्या पत्ता लगाउने, कुन शिक्षण विधिको प्रयोग गर्ने, शिक्षण कार्यकलाप कसरी गर्ने र शिक्षण सामग्रीको प्रयोग कसरी गरेर शिक्षण

सिकाइलाई प्रभावकारी बनाउने भन्ने कुरामा जोड दिन्छ । त्रुटिविश्लेषणबाट हामीले प्राप्त गर्ने ज्ञानले दुई भाषाका बिचको तुलना गर्दा गरिने पूर्वानुमानलाई परीक्षण गर्दछ र पाठ्यांशमा केकस्ता विषयवस्तु समावेश गर्ने भनेर छनोट गर्न उपयोगी हुन्छ (कर्डर, १९७३, पृ. १) । यसमा भाषा सिक्ने विद्यार्थीहरूको सिकाइ प्रक्रिया कस्तो छ र सिकाइ प्रक्रिया कसरी भइरहेको छ भनेर जान्न विद्यार्थीहरूले गरेको भाषिक व्यवहार (बोलाइ र लेखाइ) लाई अध्ययन गर्नुपर्ने हुन्छ । त्रुटिले भाषासिकाइको प्रकृत्ति र प्रवृत्तिलाई संकेत गर्दछ । भाषा शिक्षकले शिक्षार्थीहरूका त्रुटिको प्रकृत्ति तथा प्रवृत्ति थाहा पाउँदा शिक्षकले सामग्री छनोट, शिक्षणविधि तथा प्रयोग गर्ने तरिकामा सुधार ल्याउँछ । यसले विद्यार्थीहरूको बास्तबिक त्रुटि पहिचान गरी निरन्तर अभ्यास गराउनुपर्ने कुरामा विशेष जोड दिन्छ । त्रुटिविश्लेषणले शिक्षकलाई मार्ग प्रर्दशन गर्दछ भने शिक्षार्थीको वास्तविक भाषिक स्थितिको जानकारी दिन्छ । यसरी शिक्षार्थीको भाषिक सिप विकासको प्रक्रिया के कसरी अगाडि बढेको छ त्यसको अध्ययनका लागि त्रुटिविश्लेषणको महत्त्व रहेको छ । पहिलो भाषाका वक्ताले दोस्रो भाषा सिक्ने क्रममा विभिन्न किसिमका समस्याको सामना गर्नुपर्ने हुन्छ । पहिलो भाषा र दोस्रो भाषाको दूरी के कति छ ? त्यसले पनि त्रुटिमा भिन्नता ल्याउँछ । भाषिक व्यवस्थामा जति बढी भिन्नता हुन्छ त्यति नै त्रुटिको सम्भावना बढ्दै जान्छ । त्रुटिका दृष्टिले कुनै पनि नेपाली भाषाभाषी विद्यार्थीको नेपाली भाषाको प्रयोग पूर्णतः त्रुटिरहित हुँदैन ।

यसरी त्रुटिविश्लेषणले शिक्षार्थीमा रहेको कठिनाइको प्रकृत्ति पहिचान गरी पृष्ठपोषण प्रदान गर्न शिक्षकलाई मार्ग निर्देशन गर्दछ । त्रुटिविश्लेषणबाट व्यक्तिको मनोविज्ञान भाषाका माध्यमबाट परीक्षण गर्न सकिन्छ । यसको अध्ययनले शिक्षणविधि, शिक्षण क्रियाकलाप, भाषिक सामग्रीको प्रयोगका साथै पाठ्यक्रम र पाठ्यपुस्तकमा रहेका त्रुटिहरूको पहिचान गरी सुधार गर्न सकिन्छ । भाषासिकाइमा त्रुटिविश्लेषणले शिक्षार्थीको स्तर, तह, रुचि र भाषिक क्षमताको वास्तविकता पत्ता लगाइ सोहीनुसार पृष्ठपोषण गर्दछ । भाषासिकाइमा त्रुटिलाई स्वभाविक प्रक्रिया मानिने हुँदा समयमा नै भाषिक त्रुटिको पहिचान गरी निराकरण गर्न सकेमा शिक्षार्थीका लागि त्रुटिविश्लेषण उपयोगी हुन्छ (कर्डर, सन १९७३ पृ.२६६) । त्रुटिविश्लेषण शिक्षार्थीपरक पद्धति भएकाले यसबाट सिकारुले गर्ने त्रुटिको पहिचान, व्याख्या-विश्लेषण तथा निराकरणका उपायको खोजी गरिन्छ, परिणामस्वरूप सिकारुले अपेक्षित सिकाइ हासिल गर्दछन् । यस दृष्टिले भाषाशिक्षणका क्षेत्रमा त्रुटिको स्थान महत्त्वपूर्ण सिकाइ मार्गका रूपमा देखा पर्दछ ।

त्रुटिविश्लेषण दोस्रो भाषा सिकाइका सन्दर्भमा देखापरेका समस्याहरूको समाधानार्थ विकसित सिद्धान्त भएकाले यो विशेषतः भाषाशिक्षणकै लागि उपयोगी रहेको छ । लामिछाने (२०६६) का अनुसार भाषा सिकाइका कठिनाइहरूको पहिचान गर्न, मनोभाषा विज्ञानका सिद्धान्तहरूको परीक्षण गर्न, मातृभाषासँग नमिल्ने दोस्रो भाषाका विशेषताहरूको पहिचान गर्न त्रुटिविश्लेषणको आवश्यकता पर्दछ । समग्रतः त्रुटिविश्लेषणका उपयोगिताहरूलाई निम्नानुसार चर्चा गरिएको छ :

(क) भाषा सिकाइका क्रममा देखापर्ने त्रुटिको पहिचान व्याख्या र निराकरण गर्न
(ख) व्यतिरेकी विश्लेषणको पूर्वानुमानलाई परीक्षण गर्न,
(ग) भाषाशिक्षणलाई प्रभावकारी बनाउन,
(घ) शिक्षक-शिक्षार्थीलाई शैक्षिक गतिविधिमा सघाउन,
(ङ) सिकारुलाई सिकाइप्रति प्रेरित गर्न,
(च) भाषा पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माणमा सहायता प्रदान गर्न,

त्रुटिका मुख्य कारण

भाषासिकाइका क्रममा शिक्षार्थीहरूले गर्ने त्रुटिका स्रोतहरू पहिचान गरेर मात्र त्यसको निराकरण गर्न सजिलो हुन्छ । त्रुटिका यी स्रोतलाई कारक तत्त्व पनि भन्ने गरिन्छ । यस्तो त्रुटि कुनै एक पक्षसँग मात्र केन्द्रित नभई विविधतामा केन्द्रित रहेको हुन्छ । भाषासिकाइमा प्रभाव पार्ने पक्ष सिकारूको उमेर, वातावरण, अभिप्रेरणा, बौद्धिक क्षमता, शिक्षणविधि, रुचि, समय, आवश्यकता आदि हुन् । अधिकारी (२०५३) का अनुसार सिकाइ प्रक्रिया, व्यक्तिगत प्रकृति र प्रवृत्तिका आधारमा त्रुटि औंल्याउन सकिन्छ (पृ. १३२-१३५) । शिक्षार्थीले गर्ने त्रुटिका सम्भाव्य कारणहरूमा पहिलो भाषा र दोस्रोभाषाका बिचको स्थिति, विद्यार्थीको उमेर, भाषाप्रति उसको रुचि, मानसिक तथा बौद्धिक क्षमता, योग्यता, दक्षता, अभिप्रेरणा, भाषिक वातावरण, समय र आवश्यकतालाई मानिन्छ । भाषा सिक्ने क्रममा हुने त्रुटिका यिनै कारणहरूलाई यहाँ चर्चा गरिएको छ ।

पहिलो भाषा र दोस्रो भाषाका बिचको स्थिति भाषासिकाइका क्रममा पहिलो भाषा र दोस्रो भाषाले प्रभाव पार्दछ । पहिलो भाषा मातृ भाषा हो भने दोस्रो भाषा मातृभाषापछि सिकिने भाषा हो । भाषासिकाइका क्रममा शिक्षार्थीले पहिलो भाषाका विशेषताहरू दोस्रो भाषाका विशेषताहरूसँग सामान्यीकरण गर्न खोज्छ । त्यसैले समान भाषाको सिकाइमा र भिन्न भाषाको सिकाइमा सरलता र जटिलताको मात्रामा फरक हुन्छ । शिक्षार्थीको मातृभाषा थारू, मैथिली, अवधी, हिन्दी भएमा उसले नेपाली दोस्रो भाषाका रूपमा सिकेमा भाषापरिवारका कारणले कम त्रुटि हुन्छ भने मगर, राई, लिम्बू मातृभाषाका विद्यार्थीहरूले नेपाली सिकेमा बढी त्रुटि हुन्छ । यस्ता त्रुटि अन्तरभाषिक त्रुटि मानिन्छन् (अधिकारी, २०६२ पृ.१४४) ।

शिक्षार्थी र शिक्षक शिक्षार्थीको उमेर, रुचि, मानसिक तथा बौद्धिक क्षमता, योग्यता,आदि कुराहरूले भाषासिकाइमा त्रुटि देखापर्दछ । शिक्षार्थीको सामाजिक वातावरण, रीति रिवाज, अभिप्रेरणा आदि शिक्षा आर्जनको माध्यम, समग्र भाषासिकाइ प्रक्रियाप्रतिको गतिशीलता आदि विभिन्न कारणले भाषिक सिपमा प्रभाव पर्दछ (ढुङ्गेल र दाहाल, २०६८ पृ.१४१) । उमेरका आधारमा प्रौढ र बयस्कको तुलनामा बालबालिका र किशोरहरूले छिटो भाषा सिक्दछन् । शिक्षार्थीमा बौद्धिक क्षमता, योग्यता, दक्षताका साथै भाषासिकाइप्रति रुचि, उत्प्रेरणा तीव्र रूपमा देखिएन भने भाषासिकाइमा त्रुटि हुन जान्छ ।

नेपाली भाषा सरल र सहज छ जसले जसरी र जसले पढाए पनि हुन्छ भन्ने मानसिकताले त्रुटि भएको पाइन्छ । विषयगत र तालिम प्राप्त शिक्षकको अभाव, व्याकरणका नियममा भएकी परिवर्तनको जानकारी र परिपत्र नहुनु, अङ्ग्रेजी भाषाको तुलनामा नेपाली भाषाप्रति वितृष्णा उत्पन्न गराउनु, विद्यालयमा विद्यार्थीले नेपाली बोलेमा शिक्षक आफैले सजाय दिनु आदि कारणले नेपालीमा त्रुटि बढ्दै गएको पाइन्छ (ढकाल, २०६७ पृ.१५३) । शिक्षकले विद्यार्थीमा रहेको त्रुटिविश्लेषण गरी कठिनाइको प्रकृक्ति पहिचान गरी पृष्ठपोषण प्रदान गर्ने हुँदा सवल, सक्षम र योग्य शिक्षक नभएमा त्रुटिको मात्रा बढेर जान्छ ।

भाषिक वातावरण र समय पहिलो भाषाको सिकाइले स्वतन्त्र, अनियन्त्रित र अनौपचारिक वातावरण पाउँछ भने दोस्रो भाषासिकाइले निश्चित, नियन्त्रित र औपचारिक वातावरण पाउँछ । घर, परिवार, साथीसंगी र समाजको वातावरणले समेत भाषिक त्रुटिको निर्धारण गर्दछ (लामिछाने, २०६६पृ.४३) । त्यसैले भाषिक वातावरण पनि त्रुटिको कारक तत्त्व मानिन्छ । वास्तवमा भाषा समयअनुसार परिवर्तनशील हुने भएकाले एक जीवन्त भाषाका लागि परिवर्तनशीलता आवश्यक मानिन्छ

। भाषामा हिजो प्रयोग गरिदै आएका ध्वनि, वर्ण, शब्द, व्याकरण र अर्थ व्यवस्थाका कतिपय नियम आज परिर्वतन भइसकेका हुन्छन् । समयअनुसार भाषासिकाइमा पनि परिवर्तन हुन्छ । समय परिवेशअनुसार भाषामा नवीन प्रयोग र सरलीकरणको खोजी गरिन्छ ।

प्रयोगकर्ता र भाषाको आवश्यकता प्रयोगकर्तालाई भाषाको आवश्यकता के कति छ त्यसका आधारमा भाषामा त्रुटि हुने गर्दछ । भाषासिकाइका क्रममा अनिवार्य आवश्यकता ठानेर त्यसको अध्ययन गरिन्छ भने त्यस भाषामा कम त्रुटि पाइन्छ । यदि भाषालाई ऐच्छिक विषय मानेर सामान्य विचार विनिमय गर्न मात्रा प्रयोग गरिन्छ भने त्यस भाषाको प्रयोग गर्दा बढी हुन्छन् । अनिवार्य घटकमा भाषामा शुद्धता, स्तरीयता, मानक हेरिन्छ भने ऐच्छिक घटकमा त्यस्तो अवस्था हुँदैन भन्ने धारणा राखिन्छ (ढकाल, २०६७ पृ.१७) । यस्तो अवस्था भयो भने भाषासिकाइमा सहजता हुँदैन । त्यसैले भाषिक प्रयोगकर्तालाई भाषाको आवश्यकता के कति छ ? त्यसका आधारमा त्रुटि हुने हुँदा आवश्यकता पनि त्रुटिको एक कारक तत्त्व बन्न पुग्दछ ।

निष्कर्ष

भाषाविज्ञानमा त्रुटिविश्लेषण एक महत्त्वपूर्ण विधाको रूपमा देखा परेको छ । त्रुटिविना कनै पनि भाषाको सिकाइ सम्भव हुँदैन भन्ने मान्यता स्थापित भएको छ । त्रुटिलाई बौद्धिक कमजोरीको रूपमा नभई भाषिक सफलताको सिंढी चढ्ने माध्यमका रूपमा लिएको पाइन्छ । पहिलो भाषा नेपाली नभएका वक्ताले नेपाली भाषा पढ्दा वा लेख्दा स्तरीयता र शुद्धतामा ध्यान पुऱ्याउनुपर्छ । भाषा शुद्ध र त्रुटिविहीन हुनुपर्छ तथा बोलचाल वा लेखाइमा सही र स्तरीय व्याकरणको प्रयोग हुनुपर्दछ । त्रुटिहरूलाई योजनाबद्ध र क्रमबद्ध तरिकाले निश्चित प्रक्रिया पुऱ्याएर विश्लेषण गरिन्छ । त्रुटिविश्लेषण गर्नका लागि विभिन्न चरणहरू पार गर्नुपर्दछ । त्रुटिविश्लेषणको सैद्धान्तिक आधार तयार गर्दा त्रुटिपहिचान, त्रुटिको वर्गीकरण, त्रुटिको व्याख्या विश्लेषण गरी यसका निराकरणका उपाय खोजी गरिन्छ । भाषिक त्रुटिहरूको निराकरणका लागि त्रुटिविश्लेषण पद्धतिलाई पूर्वनिधर्धारित वा निगमनात्मक पद्धति र पश्चनिर्धारित बा आगमनात्मक पद्धतिका आधारमा विश्लेषण गरिन्छ ।

भाषाशिक्षणमा शिक्षार्थीले गर्ने त्रुटिका सम्भाव्य कारणहरूमा पहिलो भाषा र दोस्रो भाषाका विचको स्थिति, विद्यार्थीको उमेर, भाषाप्रति उसको रुचि, मानसिक तथा बौद्धिक क्षमता, योग्यता, दक्षता, अभिप्रेरणा, भाषिक वातावरण, समय र आवश्यकता आदिलाई मानिन्छ । घरपरिवार, साथीसङ्गी र समाजको वातावरणले समेत भाषिक त्रुटिको निर्धारण गर्दछ । भाषा भाषाका लागि हो वा अन्य प्रयोजनका लागि हो ? त्यसले समेत त्रुटि निर्धारण गर्दछ । शोधार्थीले गरेका प्रयोगात्मक अध्ययनपछिको निष्कर्षका आधारमा ह्रस्व लेख्नुपर्नेमा दीर्घ र दीर्घ लेख्नुपर्नेमा ह्रस्व लेखेर त्रुटि गर्नेको सङ्ख्या धेरै रहेको पाइन्छ । शिरविन्दुको प्रयोगमा कतै चन्द्रविन्दु दिएर त कतै शिरविन्दु नै प्रयोग नगरी त्रुटि गर्ने गरेको पाइन्छ । पदयोग गर्नुपर्नेमा पदवियोग र पदवियोगको प्रयोग गर्नुपर्नेमा पदयोग गरी त्रृटि गरेको देखिन्छ । हलन्त लेख्नुपर्नेमा अजन्त र अजन्त लेख्नुपर्नेमा हलन्त हुँदा त्रुटि भएको पाइन्छ । आदरार्थी, अनादरार्थी, वचन, पुरुष, काल, पक्ष, भावको प्रयोगका साथै भाषिक सिपको अभाव, उच्चारणको प्रभाव, अभ्यासको कमी, नेपाली भाषाको संरचनागत जटिलता, वर्णविन्यासस‌म्बन्धी ज्ञानको अभाव र समय समयमा हुने व्याकरणका नियमहरूको परिवर्तनमा जानकारी नराखेका कारणहरूले त्रुटि भएको देखिन्छ ।

कृतज्ञता

खस भाषी विद्यार्थीहरूले नेपाली भाषा सिकाइमा गरेका त्रुटिहरूको अध्ययनका लागि PhD Fellowship and Research Support 19/80 Ed-08 मा मलाई छनोट गरी मेरो वृत्ति विकासका लागि अनुसन्धानको अवसर प्रदान गर्ने विश्वविद्यालय अनुदान आयोग, नेपालप्रति हार्दिक आभारसहित कृतज्ञता प्रकट गर्दछु ।

सन्दर्भसूची

अधिकारी, हेमाङ्गराज (२०५७) *भाषाशिक्षण केही परिप्रेक्ष्य तथा पद्धति,* (चौ.स.) विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६२), *सामाजिक र प्रायोगिक भाषा विज्ञान,* (ते.स.) रत्न पुस्तक भण्डार ।

Corder,S.P (1973) *Introdusing Applied Linguistice.* Penguin Books

Crystal, David (1996) *A dictonary of Lingustic and Phonetices.* Back wellPublication

ढकाल, शान्तिप्रसाद (२०३७) *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* शुभकामना प्रकाशन ।

ढकाल, शान्तिप्रसाद (२०७४) *प्रायोगिक भाषाविज्ञान,* पिनाकल पब्लिकेसन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६८), *प्रायोगिक भाषाविज्ञान,* एम.के पब्लिकेशन एण्ड डिष्ट्रिब्युटर्स

तिवारी, भोलानाथ र भाटिया, कैलाश चन्द्र (सन् १९८०) *हिन्दी भाषाशिक्षण,* लिपि प्रकाशन ।

बन्ध, चुडामणि (२०७७) *भाषाविज्ञान,* (दो.सं.) साझा प्रकाशन ।

भण्डारी, पारसमणि (२०५४), *प्रायोगिक भाषाविज्ञानका केही पक्ष,* विद्यार्थी पुस्तक भण्डार ।

रावत, रमेश (सन् २००५), *भाषाविज्ञान,* पंञ्चशील प्रकाशन ।

लमिछाने, यादवप्रकाश (२०६६), *सामान्य र प्रायोगिक भाषविज्ञान,*विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, देवेन्द्रनाथ र शर्मा, दीप्ति (सन् १९६६), *भाषाविज्ञानकी भूमिका,* राधाकृष्ण प्रकाशन प्राइवेट लिमिटेड ।

शर्मा, मोहनराज (२०६३), *शब्दरचना,वर्ण विन्यास वाक्यतत्त्व र अभिव्यक्ति,* नवीन प्रकाशन ।

शर्मा, राजमणि (सन् २०००), *आधुनिक भाषाविज्ञान,* काठमाडौं वाणी प्रकाशन ।

श्रीवास्तव, रविन्द्रनाथ (सन् २०००),*अनुप्रयुक्त भाषविज्ञान : सिद्धान्त एवम् प्रयोग,* राधाकृष्ण प्रकाशन ।